**सूर्मा गाउँपालिकाका अध्यक्ष महोदय,**
**सम्पूर्ण सदस्यहरू,**
**प्रमूख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण कर्मचारीहरू, पत्रकार मित्र, सुरक्षाकर्मी ज्यूहरू**
**तथा उपस्थित महानुभावहरू,**

१. सूर्मा गाउँपालिकाको तर्फबाट यस सम्मानित गाउँसभा समक्ष आगामी आर्थिक वर्ष २०७५/७६ को नीति, वजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु। यस अवसरमा राजनैतिक परिवर्तनको लागि जीवन अर्पण गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु।

२. नेपाल अधिराज्यको ७ नं. प्रदेश अन्तरगर्गत उच्च हिमाली जिल्ला बझागमा पर्ने साविक सूर्मा र दौलीचौर गा.वि.स. संयोजन भई बनेको सूर्मा गाउँपालिका पूर्वमा तल्कोट गाउँपालिका, पश्चिमा बुँगल नगरपालिका, उत्तरमा साईपाल गाउँपालिका र दक्षिणमा जयपृथ्वी नगरपालिका तथा छविस पाथिभेरा गाउँपालिकाहरूले घेरिएको अत्यन्त सून्दर र रमणिय गाउँपालिकाको रूपमा रहेको छ । प्रशासनिक रूपमा ५ वडामा विभाजन गरिएको यस गाउँपालिकाको कूल क्षेत्रफल २७०.८ वर्ग कि.मि. मा फैलिएको छ र यस यसको जनसङ्ख्या करिव १० हजार रहेको छ । पर्वतरोहण, अवलोकन भ्रमण र जडिवुटी संकलनको दृष्टिकोणबाट महत्वपूर्ण सम्भावना बोकेको यो गाउँपालिका पवित्र धार्मिक स्थल सूर्मा देवीको नामबाट नामाकरण भएको हो ।

**अध्यक्ष महोदय,**
**अव म यस सूर्मा गाउँपालिकाको चालु आ.व. २०७४। ७५ को नीति तथा कार्यक्रमको समिक्षा गर्ने अनुमति चाहन्छु।**

३. चालु आ.व. २०७४।७५ को वजेट हामीको लागि पहिलो र नौंलो वजेटको रूपमा रहेको छ । चालु आ.व. मा अन्तर सरकारी वित्तिय हस्तान्तरण मार्फत नेपाल सरकारबाट ११ करोड ७६ लाख ९६ हजार, आन्तरिक राजश्व ९ लाख १० हजार र शसर्त अनुदान (शिक्षा, स्वास्थ्य, कृषि र भेटनरी) तर्फ ३ करोड ५३ लाख ६१ हजार र सञ्चित कोषमा रहेको रकम ५४ लाख ८६ हजार गरी कुल वजेट सीमा १५ करोड ९४ लाख ५३ हजार निर्धारण भएको थियो ।शसर्त अनुदानको रकम सम्बन्धित मन्त्रालयहरूबाट सम्बन्धित शिर्षकमा खर्च गर्ने गरी तोकिने हुनाले सोही अनुसार वजेट कार्यक्रममा राखि खर्च भएको र बाँकि रकम रू. १२ करोड ४० लाख ९२ हजार चालु तथा पुँजिगत शिर्षकहरूमा बाँडफाड भएको थियो । गाउँ सभाबाट विनियोजित १२ करोड ४० लाख ९२ हजार (शसर्त अनुदान बाहेक) चालु खर्च तर्फ २ करोड ९८ लाख करिव २० प्रतिशत र बाँकी ९ करोड ९५ लाख ९२ हजार करिव ८० प्रतिशत वजेट पूँजिगत खर्च तर्फ विनियोजन भएको थियो।

४. यस गाउँपालिकाका वासिन्दाहरूको मूख्य पेशा कृषि भएकाले कृषि क्षेत्रको विकास विना गाउँको विकास सम्भव नहुने भएकाले कृषि क्षेत्रलाई महत्व दिई खाद्यान्न उत्पादन बृद्धि गर्न उन्नत वीउ विजन वितरण गरिएको, व्यवसायिक कृषि कार्यक्रम अन्तरगर्त तरकारी सिडकिट वितरण गरिएको, तरकारी खेती सम्बन्धि

कृषकहरूलाई तालिम प्रदान गरिएको, व्यवशायिक फलफूल विकास कार्यक्रम अन्तरर्गत स्याऊ, ओखर र आरूको बोटहरू वितरण गरिएको साथै ५० प्रतिशत अनुदानमा गुणस्तरीय आलुको बीऊ वितरण र वेमौसमी फलफूल उत्पादनको लागि सील पोलिथिन टनेल वितरण लगायतका कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

५. पशु सेवा अन्तर्गत पशुको नश्ल सुधार कार्यक्रम संञ्चालन को लागि बोका खरिद गरी वितरण गरिएको, बाखापालन गर्ने कृर्षकहरूलाई तालिम दिईएको, पशु स्वास्थ्य शिविर सञ्चालन लगायतका कार्यक्रमहरू संञ्चालन भएको छ ।

६. पर्यटन प्रवद्धन कार्यक्रम अन्तरर्गत सूर्मा तालको विकास र प्रचार प्रसारका् लागि पार्श्व चित्र तयार गर्ने कार्य भईरहेको र यस ७ नं. प्रदेशको प्रसिद्ध धार्मिक स्थल सूर्मा देवी मन्दिरको दर्शनको लागि आउने धार्मिक पर्यटनको लागि बसोवासको व्यवस्था गर्न आवास भवन निर्माणाधिन रहेको छ । त्यस्तै वाटपालि माडु, पदालदेव, पितृदेव, शिवदेव, भेलात धौलदेव, भण्डारी आदि मन्दिरहरूको निर्माण र मर्मत कार्य सम्पन्न भएको छ ।

७. शिक्षा क्षेत्रको विकासको लागि विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तरर्गत विद्यालयको मर्मत सुधार, सामुदायिक सिकाई केन्दको व्यवस्थान, पाड्यपुस्तक खरिद तथा वितरण, विद्यालय व्यवस्थापन क्षमता अभिवृद्धि, विद्यालय स्वास्थ्य तथा पोषण अभिवृद्धिका लागि बहूक्षेत्रिय पोषण योजना संञ्चालन भएको छ ।

८. यस आ.व. २०७४।७५ मा वार्ड नं. ३ मा सबै गर्भवति महिला घरमा प्रसुती नहुने वार्ड घोषण गरेको, परिवार नियोजनका लागि पुरूषहरूको स्थायी बन्ध्याकरण शिविर संञ्चालन गरिएको , पाठेघर खसेका महिलाको लागि रिड्पेसरी राखिएको र आङ् खसेका महिलाको छनौट गरी निशुल्क स्वास्थ्य शिविरमा सिफारिस गरिएको, सुनौला हजार दिनका आमाहरूलाई पोषण लक्षित विभिन्न क्रियाकलाप संञ्चालन गरिएको तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई क्षमता अभिवृद्धिको कार्यक्रम संञ्चालन गरिएको छ ।

९. सडकको निर्माण र नियमित मर्मत सुधार गर्न यस चालु आ. व. मा उच्च महत्व प्रदान गरिएको थियो , मनडोगडी देखि पुल सम्मको सडक निर्माण गरिएको, माया गाड कलभट र पावर हाउस नजिक जेउडेगाडमा अस्थायी पूल निर्माण गरी वर्षाको समयमा पनि चैनपुर देखि दौलीचौर सम्म गाडी जान सक्ने अवस्थाको निर्माणको थालनी गरिएको साथै आर्थिक क्रियाकलापको वृद्धिमा सडकको भूमिका मूख्य रहने भएकाले यस आ.व. मा सडक संञ्जालको विस्तारलाई महत्व दिई प्राय सबै गाउँ र वस्तिमा कच्ची मोटरबाटो पुगेको छ । साथै वर्षायाममा पनि यातायात सञ्चालन गर्नको लागि हाइड्रोपावर - सूर्मा सडक ठेकेदार र गाउँपालिकाको साझेदारीमा वारिलछडा नजिक बोल्डर राखेर माटो भरी अस्थाई सडक निर्माण गरिएको छ ।

१०. खानेपानी योजना अन्तरर्गत वार्ड नं. १ मा नाउला, बानकाडा, पानलोटा, चौड, मुडुलिपाटी, सिजालु, तल्लो वेवडी, वार्ड नं. २ मा भ्याँढुङ्गा , सकन्याडी, ठौर, सेलडोगडी, तल्लो सेलसडी, सिमस्याईल, गुरेना, ठूलाचौर काफ्लेसैन, गजौन, मछान्ना, पोखरीगडा , पदाली, वार्ड नं. ३ अन्तरर्गत तोली गाउँ ढम्कने सिरपाटा, छ्याउरी, दमाईटोल, डोव, खारापानी, तल्लो गोतन्न, भूँसुकोईराला वार्ड नं. ४ मा रोटे, दवाभृकोट, सूपा, पातल, सून्तली, लोट्नी, वार्ड नं. ५ मा देउली डेवन्न, डाँगे, तर्सेनी आदी खानेपानी आयोजना सम्पन्न भएका छन् र पुराना खानेपानीको मर्मत सम्भार गर्ने कार्य पूरा भएको छ।

११. विधुत आपुर्ति तर्फ यस आ.व. मा जेब्रेगाड जलविधुत मर्मत गरिएको, जेउलेगाड ल.ज.वि. नहर मर्मत र सेलागाड ल.ज.वि. नहर निर्माण तथा मर्मत गरिएको साथै डेवन्न देखि ओखरतोला सम्म विधुत लाईन विस्तार भएको छ ।

१२. सु-शासन तथा संस्थागत विकास तर्फ आ.व. २०७५ श्रावण १ गतेबाट एकीकत सम्पति कर लागु गरिने भएकाले एकीकृत सम्पति कर व्यवस्थापन कार्यविधि २०७५ लागु गरिएको र पदाधिकारी तथा कर्मचारीको क्षमता विकासको लागि तालिम र अवलोकन भ्रमण सम्पन्न भएको छ ।

**अध्यक्ष महोदय,**

**अव म आगामी आ.व. २०७५।७६ को नीति, वजेट तथा कार्यक्रम पेश गर्न गैईरहेको छु ।**

१३. दिगो विकास र सु- शासनको माध्यमद्धारा जीवनयापन न्यूनतम आवश्यककताहरू पुर्ति गर्दै चरम गरीवी , विपन्नता र पछ्यौटेपनको अन्त्य गर्ने तथा आर्थिक, भौत्तिक र सामाजिक पूर्वाधारको विकास गरी समुन्नत गाउँपालिकाको निर्माण गर्ने दिर्घकालिन सोच रहेको छ ।

१४. सबै गाउँ बासिहरूलाई काम र रोजगारीको अवसर सिर्जना गर्नु, आर्थिक र सामाजिक क्षेत्रको विकासद्धारा गरीवी र पछ्यौटेपनको अन्त्य गर्नु, सिंचाई, जलविधुत र पूर्वाधारको क्षेत्रमा लगानी बढाउँदै सेवा सुविधामा बृद्धि गर्नु, हावापानी र माटो सुहाउँदो अन्न, तरकारी, तथा फलफूल उत्पादन गर्न राशायनिक मल, वीउ औषधि तथा आवश्यक सेवाहरू उपलब्ध गराई गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउनु, प्राकृतिक स्रोत साधनहरूको संरक्षण र संवद्धन गर्दै जलवायु परिवर्तन तथा जल उत्पन्न प्रकोप नियन्त्रण गर्नु, स्तरीय र प्रभावकारी सेवा उपलब्ध गराउनु गाउँपालिकाको प्रमूख लक्ष्य हुनेछ ।

१५. नीति, वजेट तथा कार्यक्रम को उदेश्य निम्न अनुसार रहेको छ :

(क) कृषि, पर्यटन र जडिबुटीको विकास र विस्तारमा जोड दिई आय र रोजगारी बृद्धि गर्ने,

(ख) उपलब्ध श्रोत, साधन र अवसरको न्यायोचित वितरणको ब्यवस्था मिलाउने,

(ग) गुणस्तरीय तथा व्यवशायीक शिक्षा र आधारभूत सेवामा सबैको पहुँच पुर्याउने,

(घ) आधुनिक र ब्यवशायीक कृषि प्रणालीका माध्यमद्धारा अन्न, मासु तथा फलफूलमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने,

(ङ) आर्थिक, भौत्तिक र सामाजिक पूर्वाधारको विकास गरी आर्थिक क्रियाकलापको बृद्धि गर्दै एक समुन्नत गाउँपालिकाको निर्माण गर्ने ,

**अध्यक्ष महोदय,**

१६. अव म आगामी आ.व. २०७५।०७६ मा अवलम्बन गरिने नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

(१) सूर्मा सरोवर यस गाउँपालिकाको मात्र नभई नेपालकै एक उत्कृष्ट पर्यटकिय स्थल भएकाले यस ताल सम्म पुग्नको लागि सडक विस्तार साथै तिर्थयात्रु तथा अन्य पर्यटकहरूको बसोवासको लागि धर्मशाला निर्माण गरिनेछ। साथै सूर्मा सरोवरमा केवलकार निर्माणको लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक पहल गरिने छ।

(२) गाउँपालिकामा कृर्षि, पर्यटन, जलस्रोत, जडिबुटीको विकासको सम्भावना रहेकाले यस्ता क्षेत्रहरूमा विशेष कार्यक्रम संञ्चालन गरिनेछ।

(३) पर्यटनबाट रोजगारी र अन्य आयआर्जन बढाउन मनोरञ्जन, प्राकृतिक, पुरातात्विक, ऐतिहासिक, धार्मिक र साहशिक पर्यटन विकास र विस्तार गर्नमा जोड दिईनेछ। साथै सास्कृतिक तथा स्थानीय मौलिक परम्परा , रितिरिवाज, मेलाजात्रा आदीको मौलिक संरक्षरण, संवद्धन र प्रचार प्रसारमा जोड दिईनेछ।

(४) गाउँपालिकालाई पूर्ण खोप युक्त , सरसफाई युक्त बनाउनका साथै वाल मृत्युदर तथा मातृ मृत्युदर घटाउन स्वास्थ्यकर्मी तथा महिला स्वंयसेविका परिचालन गरिनेछ। यूवा युवतिहरूको लागि यौन तथा एच . आई. भि. एड्स शिक्षा, सरूवा रोगहरूको नियन्त्रणका लागि प्रचार प्रसार लगायतका कार्यक्रमहरू लाई निरन्तरता दिईनेछ।

(५) एक वडा एक कृषि उत्पादनको कार्यक्रमलाई अगाडी बढाउन आवश्यक पहल गरिनेछ।

(६) स्थानीय रोजगारी अभिबृद्धिका लागि सरकारी तथा गैर सरकारी निकायहरू सँगको साझेदारीमा विभिन्न किसिमका सीपमूलक तालिम कार्यक्रम संञ्चालन गरिनेछ।

(७) सामाजिक परिचालनको माध्यमबाट गरिवी न्यूनीकरणका लागि कार्यक्रम संञ्चालन गर्दै यस क्षेत्रमा सरकारी तथा गैरसरकारी संघसंस्थाहरू विच समन्वय र सहकार्य गरिनेछ।

(८) उपलब्ध साधन स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गरिनेछ।

(९) गाउँपालिका भित्र खानेपानीको प्रवन्ध मिलाउनका लागि पहल गरिनेछ। खानेपानीको अभाव भएका वस्तीहरूमा खानेपानीको सुविधा उपलब्ध गराउन खानेपानी आयोजनाहरू संञ्चालन गरिनेछ। फोहर मैला व्यवस्थापन गर्ने, खानेपानीको शुद्धिकरण गरेर मात्र पिउने, सरसफाईमा ध्यान दिने संस्कारको विकास गर्ने तथा यस सम्बन्धमा **“सूर्मा गाउँपालिकाको शान सफा र स्वच्छ खानपान ”**भन्ने नारालाई व्यवहारमा उतारिनेछ।

(१०) आर्थिक, सामाजिक र लैलिË रूपमा पछाडि परेका महिला, वालबालिका, दलित र जेष्ठ नागरिकहरूको स्वास्थ्य स्थिति सूधारमा जोड दिईनेछ।

(११) वालवालिका तथा युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि खेलकुदलाई जोड दिईनेछ , सम्भाव्यताको आधारमा रंगशाला, खेल मैदान, यूवा क्लव तथा पार्क क्रमिक रूपमा स्थापना गर्न आवश्यक वजेट व्यवस्था मिलाईनेछ।

(१२) नेपाल सरकारले अवलम्बन गरेका बालमैत्री, वातावरण मैत्री र जोखिम व्यवस्थापन जस्ता नविनतम नीति तथा कार्यक्रमहरू अवलम्बन गरिनेछ ।

(१३) समाजमा बिद्यमान धर्म, प्रथा, परम्परा, रिती तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गरिनेछ ।

(१४) यस सूर्मा गाउँपालिकामा रहेको वालविवाह, छाउपडि र छुवावत प्रथा जस्ता कुरिती र कुसंस्कारलाई अन्य गर्न जनचेतना कार्यक्रम संञ्चालन गरिनेछ ।

(१५) सबै सार्वजनिक स्थल र सवारी साधहरूमा धुमपान र मदिरा सेवन निषेध गरिनेछ । मदिरा र सूर्तिजन्य पदार्थको उत्पादन आयात तथा विक्रि वितरणलाई निरुत्साहित गरिनेछ । गाउँपालिका भित्र जाँडरक्सी खाई हो हल्ला गर्ने, कुटपिट गर्ने र जुवातास खेल्ने खेलाउने ब्यक्तिलाई कडा भन्दा कडा सजाय गरी शान्ति सुरक्षा ब्यवस्थालाई प्रभावकारी बनाईनेछ ।

(१६) सामाजिक, सास्कृतिक र सेवामूलक कार्यमा स्थानीय जनसहभागितामा अभिबृद्धि गर्दै सामुदायिक विकास गरिनेछ।

(१७) यस गाउँपालिका अन्तरगतका सबै विधालयहरूको सेवा क्षेत्रमा रहेका ३/४ वर्ष उमेर समूहका सबै बालवालिकाहरूको जन्मदर्ता गराई व्यवस्थित बालविकास केन्द /पूर्व प्राथमिक कक्षामा भर्ना गराउने नीति लिनेछ, यसका लागि विद्यार्थी भर्ना अभियान लाई प्रभावकारी बनाई अनुभवि सहयोगि कार्यकर्ता व्यवस्था गरि प्रत्येक विद्यालयमा व्यवस्थित एउटा बालविकास केन्दको व्यवस्था गरिने छ ।

(१८) सबै खाले बालबालिकाहरूको पहूँच तथा गुणस्तरिय शिक्षाको सुनिश्चताका लागि निशुल्क पाठ्यपुस्तक वितरण, छात्र/छात्रा छात्रबृत्तीको कार्यन्वयनलाई प्रभावकारी बनाईनेछ र गरिव तथा जेहेन्दार विद्यार्थीहरूका लागि थप छात्रबृत्तीको व्यवस्था समेत मिलाईने छ।

(१९) विद्यालयका गतिविधिलाई पारदर्शि तथा उत्तरदायी बनाउन विद्यालय सुधार योजना निर्माण गर्ने र सामाजिक परिक्षण तथा लेखा परिक्षण कार्यलाई प्रभावकारी रूपमा लागु गर्ने व्यवस्था मिलाईने छ ।

(२०) विद्यालयको हरेक गतिविधीमा बालबालिकाको सक्रिय सहभागिताको सुनिश्चिता गरिने छ, यसका लागि बाल क्लव तथा बाल सञ्जाल गठन गरिने छ ।

(२१) विद्यार्थीको सिकाइ उपलब्धि राष्टिय मापदण्ड भन्दा माथि पुर्याउन निरन्तर विद्यार्थी मूल्याकन प्रणाली लागु गरी अनुगमन कार्यलाई प्रभावकारी बनाईने छ ।

(२२) शिक्षकको कार्य सम्पादन मूल्याकनको आधारमा पुरस्कृत, सरुवा, बढुवा गर्ने कार्य गरिने छ ।

(२३) शिक्षण सिकाइलाई प्रभावकारी गर्न कक्षाकोठा व्यवस्थापन , कम्प्युटर तथा ल्यावको व्यवस्थापन, बुक कर्नरको व्यवस्थापन तथा शैक्षिक सामाग्रीमा विशेष जोड दिई बालमैत्री विद्यालय निर्माण कार्यलाई अगाडी बढाईने छ ।

(२४) प्रत्येक विद्यालयमा महिला शिक्षकको नियुक्ति, शिक्षकको पेशागत विकासको लागि पुर्नताजकि तालिमको व्यवस्था तथा विद्यालयमा स्वच्छ खानेपानी, खेल मैदान, छात्र, छात्राका लागि अलग अलग सुविधा युक्त शौचालयको व्यवस्था मिलाउने कार्य गरिने छ ।

(२५) प्रत्येक विद्यालयलाई नमुना विद्यालयका रूपमा निर्माण गरिने छन् र प्रत्येक वडालाई साक्षर युक्त वडा घोषणा गर्ने कार्यलाई अगाडी बढाईने छ ।

(२६) शिक्षकको पेशागत महासंघ , संघ, संङ्गठनहरू सँगको समन्वय र सहकार्यमा राष्टिय तथा जिल्ला स्तरमा गरिएको दरवन्दि मिलान र विद्यालय मर्ज कार्यलाई सकभर शिक्षकहरूलाई वेपाएक नपर्ने गरी विद्यार्थी संख्या, विषय, जनसङ्ख्या र भुगोलका आधारमा विद्यालय मर्ज र दरवन्दी मिलान गर्ने कार्यलाई अगाडी बढाईने छ ।

(२७) चैनपूर देखि सूर्मा गाउँपालिकाको वार्ड नं. ५ सम्म पर्ने मूख्य सडकमा पूल नहुँदा वर्षाको समयमा आवत जावत गर्न कठिनाई भएकाले विचमा पर्ने मूख्य खोला जेउडे गाड, दौलीगाड र सेलागाडमा पक्की पूल निर्माण गर्न सर्वे डिजाईन र लागत स्टेमेट तयार गरी नेपाल सरकार र प्रदेश सरकारबाट निर्माणको लागि पहल गरिनेछ र सोको लागि समपूरक कोषको लागि निश्चित रकमको व्यवस्था गरिनेछ ।

(२८) केन्दियस्तरबाट निर्माणाधिन चैनपूर - दौलीचौर सडक विस्तार गर्ने कार्यलाई छिटो छरितो रूपमा सम्पन्न गर्न सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

(२९) गाउँपालिका वासि सँबैलाई आधुनिक तथा नविकरणिय उर्जामा पँहुच पुर्‍याउन जलविधुत, सौर्य उर्जा, वायु उर्जा एवं अन्य नविकरणिय उर्जाको विकासमा प्राथमिकता दिईनेछ । माग वमोजिम विधुत उपलब्ध गराउन गाउँपालिकाको प्रशारण लाईनलाई केन्दिय विधुत प्रशारण लाईनमा आवद्ध गर्न पहल गरिनेछ ।

(३०) गाउँपालिकाका क्षेत्र भित्रका सडकहरू नियमित रूपमा मर्मत संभ्भार गर्नका लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ र बनिसकेका सडकहरूको स्तरोन्नती गर्दै लगिनेछ ।

(३१) वन व्यवस्थापनलाई वैज्ञानिक बनाउँदै यस क्षेत्रको उपयोग र संरक्षण दुबैलाई प्राथमिकता दिईनेछ । बाँझो, पर्ती, नदी र सडकको किनारामा वृक्षारोपण गरी यस गाउँपालिकालाई स्वच्छ र हराभरा बनाईनेछ ।

(३२) सेवा प्रवाहलाई गुणस्तरिय तथा प्रभावकारी बनाउन गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरूलाई साधन सम्मन्न गराईनेछ ।

(३३) पाँच लाख भन्दा माथिको योजनाहरू अनुगमन गर्न एक सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरिनेछ सो समितिले प्रतिवेदन दिएपश्चात भुक्तानी र फरफारक गरिने व्यवस्था मिलाईनेछ ॥

(३४) प्रभावकारी सेवा प्रवाह गर्न पदाधिकारी तथा कर्मचारीहरूलाई आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम संञ्चालन गरिनेछ ।

(३५) सार्वजनिक परिक्षण, सामाजिक परिक्षण , सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापहरूको माध्यमबाट पारदर्शिता अभिबृद्धि गरिनेछ ।

(३६) गाउँपालिकाको लागि स्वीकृत दरवन्दीमा कर्मचारी समायोजन भै रिक्त पदमा पदपुर्ति गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

(३७) गाउँपालिकाबाट प्रदान हुने सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन नागरिक बडापत्र कार्यान्वयनमा ल्याईनेछ ।

(३८) गाउँपालिकाको सेवा प्रवाहलाई छिटो, छरितो, प्रभावकारी र प्रविधि मैत्री बनाईनेछ । सेवाग्राहीको सहजताको लागि हेल्प डेस्क, सूचना अधिकारी, प्रवक्ता र गुनासो सुनुवाईको व्यवस्था मिलाईनेछ ।

(३९) कर्मचारी प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधामा समान र सहज पहुँच सुनिश्चित गरी  सुशासनको प्रत्याभुति गरिनेछ।

(४०) आगामी आ.व. २०७५ श्रावण १ गते देखि एकीकृत सम्पति कर लागु  गरिनेछ । गाउँपालिकामा राजश्व सम्भावनाको खोजी तथा पहिचान गरी स्थानीय स्तरमा उपलब्ध श्रोत साधनको उच्चतम प्रयोग मार्फत गाउँपालिकाको विकासको गतिलाई तिब्र बनाईनेछ ।

**अध्यक्ष महोदय,**

**अव म आ.व. २०७५।७६ को लागि आय ब्ययको संक्षित विवरण पेश गर्ने अनुमति चाहान्छु**

१७. आगामी आ.व. २०७५/७६ मा कुल वजेट २१ करोड ५३ लाख १० हजार मध्ये शसर्त अनुदान तर्फ ४ करोड ५६ लाख, विशेष तथा समपुरक अनुदान ३ करोड, बहुक्षेत्रीय पोषण कार्यक्रम १२ लाख ३५ हजार र सामाजिक सुरक्षा २ करोड गरी ९ करोढ ६८ लाख तोकिए वमोजिम खर्च गरिने भएकाले वित्तीय  समानीकरण अनुदान ७ करोड ७ लाख ५४ हजार , राजश्व बाँडफाड ४ करोड ५२ लाख २१ हजार र आन्तरिक राजश्व २५ लाख मध्ये चालू तर्फ ४ करोड ७७ लाख १९ हजार करिव ४० प्रतिशत र पूजीगत खर्च तर्फ ७ करोड ७ लाख ५४ हजार करिव ६० प्रतिशत पुजीगत खर्च हुने अनुमान छ ।

१८. चालु खर्च मध्ये उपभोग वजेटमा रू २ करोड २ लाख ४९ हजार, कार्यालय सञ्चालन वजेट १ करोड ६८ लाख २० हजार र कार्यक्रम वजेट १ करोड ६ लाख ५० हजार गरी जम्मा रू. ४ करोड ७७ लाख १९ हजार विनियोजन गरेको छु ।

१९. पुँजीगत खर्च तर्फ सडक तथा पुल, खानेपानी , भवन निर्माण, विधुत, तटवन्ध निर्माण, मशिनरी तथा औजार, सिचाई, वन तथा वातावरण, कृषि, शिक्षा , स्वास्थ्य, पोषण, आदि कार्यक्रम सञ्चालनका लागि रू. ७ करोड ७ लाख ५४ हजार विनियोजन गरेको छु । यसको विस्तृत विवरण अनुसुचीहरूमा उल्लेख गरिएको छ ।

२०. गाउँपालिकाको सामाजिक तथा आर्थिक विकासका लागि शसर्त अनुदानको वाहेक आवश्यक रकम विनियोजन गरेको छु। यसबाट गाउँपालिकाको आर्थिक क्रियाकलापमा बृद्धि भै गाउँवासिको जीवनस्तरमा सुधार आउने अपेक्षा राखको छु ।

२१. विद्यालय भवन तथा शौचालय निर्माण, विद्यार्थीहरुको लागि निशुल्क पाठ्यपुस्तक, छात्रबृत्ती , शैक्षिक सामाग्री सहितको बुक कर्नर, आदिका  लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२२. **"स्वास्थ्य नै धन हो"** भन्ने नारालाई आत्मसात गर्दै प्रत्येक वडामा वर्थिË सेन्टर संचालन, औषधि खरिद र उपकरण खरिदका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

२३. गाउँपालिकाको पूर्वाधार विकासको लागि नेपाल सरकार र प्रदेश सरकारबाट प्रदान गरिने समपुरक र विशेष अनुदानबाट संचालन हुने कार्यक्रमको लागि समपुरक कोषमा आवश्यक रकम विनियोजन गरेको छु ।

२४. आगामी आ.व. २०७५/७६ मा आन्तरिक राजश्व २५ लाख राजश्व बाँडफाडबाट नेपाल सरकार र प्रदेश सरकारबाट ४ करोड ५२ लाख २१ हजार , वित्तीय समिकरण अनुदान ७ करोड ७ लाख ५४ हजार, शसर्त अनुदान -विषयगत शाखा) ४ करोड ५६ लाख, समपुरक अनुदान १ करोड ५० लाख, विशेष अनुदान १ करोड ५० लाख र बहुक्षेत्रीय पोषण अन्तरर्गत १२ लाख ३५ हजार, सामाजिक सुरक्षा खर्च २ करोड गरी २१ करोड ५३ लाख १० हजार कुल आय प्राप्त हुने अनुमान छ।

**अध्यक्ष महोदय,**
**अव म आगामी आ.व. २०७५/७६ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

२५. राजश्व नीति तथा कार्यक्रमहरूको उदेश्यहरू निम्न वमोजिम प्रस्तुत गरेको छु ।

(क) करको आधार र दायरालाई  फराकिलो बनाउने

(ख) सबै आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने

(ग) करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गर्ने

(घ) कर छली तथा चुहावट नियन्त्रण गर्ने

(ङ) कर प्रणालीलाई लगानी मैत्री बनाउने

(च) एकीकृत सम्पति कर लागु गर्ने

(छ) कर्मचारी अभाव हुन नदिई कर प्रशासनलाई प्रभावकारी बनाउने

**अध्यक्ष महोदय,**

२६. यस वजेट कार्यान्वयनबाट आर्थिक क्रियाकलाप विस्तार भै गाउँपालिकाको उच्च आर्थिक बृद्धिदर कायाम हुने अपेक्षा लिएको छु ।

२७. यस वजेट तर्जुमा गर्न मार्ग निर्देश गर्न हुने अध्यक्षन्यू, प्रमूख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरू, कार्यापालिकाका सदस्यहरू, गाउँसभाका सदस्यज्यूहरू र यस सूर्मा गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

२८. यस गाउँपालिकाको विकास र संबृद्धिमा सद्भाव र सहयोग पुर्याउनुहुने गाउँपालिकावासी, करदाता र नागरिक समाज प्रति हार्दिक आभार व्यक्त गर्दै वजेटको सफल कार्यान्वयनमा सबैको पूर्ण सहयोगको अपेक्षा गरको छु ।

## धन्यवाद

## *प्रस्तावहरू :-*

१. विनीयोजन विधेयक, २०७५ र आर्थिक विधेयक,२०७५ सम्बन्धमा
२. चालु आ. व. २०७४/७५ को संशोधित कार्यक्रम र खर्च अनुमोदन सम्बन्धमा
३. आगामी आ.व. २०७५/७६ को नीति, कार्यक्रम र वजेट सम्बन्धमा
४. गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने ) विधेयक २०७५ सम्बन्धमा
५. सूर्मा गाउँपालिकाको विपद् तथा जोखिम न्यूनीकरण तथा ब्यबस्था गर्न बनेको विधेयक,२०७५ सम्बन्धमा
६. समपुरक अनुदान र विशेष अनुदान अन्तरर्गत माग गर्ने योजना तथा कार्यक्रम सम्बन्धमा
७. राजश्व परामर्श समिति र श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको प्रतिवेदन सम्बन्धमा
८. योजना फरफारक सम्बन्धमा
९. विविध

## गाउँसभाका निणर्यहरू

निर्णय नं. १

आ.व. २०७५/७६ को सेवा र कार्यहरूको लागि सूर्मा गाउँपालिकाको सञ्चित कोषबाट रकम खर्च गर्न अधिकार दिन र सो रकम विनियोजन गर्न विनियोजन विधेयक २०७५ पारित गरियो ।

निर्णय नं. २

अर्थ सम्बन्धि प्रस्तावहरूलाई कार्यान्वयन गर्न कर शुल्क र दस्तुर लगाउन, लगाई राखेको लाई चालु राख्न, हेरफेर गर्न आवश्यक भएकाले अर्थ विधेयक २०७५ गाउँ सभाबाट पारित गरियो ।

निर्णय नं. ३

आगामी आ.व. २०७५/७६ को नीति कार्याक्रम तथा वजेट सूर्मा गाउँपालिकाको दोस्रो गाउँसभाको बैठकबाट अनुमोदन गरियो ।

निर्णय नं. ४

यस सूर्मा गाउँपालिकाको आ.व. २०७४/७५ मा गाउँ सभाबाट विनियोजन रकमबाट भएको खर्च र संशोधित कार्यक्रम गाउँसभाबाट पारित गरियो ।

निर्णय नं. ५

सूर्मा गाउँपालिका क्षेत्र भित्र आवश्यक नियम बनाई प्रशासकिय कार्यविधि नियमित गर्न आवश्यक भएकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५ पारित गरियो।

निर्णय नं. ६

सूर्मा गाउँपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट सर्वसाधारणको जीउ ज्यान तथा सार्वजनिक तथा निजि सम्पतिको संरक्षण र विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्य समन्वयात्मक तथा प्रभावकारी रूपमा संचालन गर्न आवश्यक भएकाले विपद् जोखिम न्यूनिकरण तथा व्यवस्था गर्न बनेको विधेयक २०७५ गाउँसभा बैठकबाट अनुमोदन गरियो ।

निर्णय नं. ७

समपुरक अनुदान र विशेष अनुदान अन्तरर्गत तपसिल वमोजिमका आयोजना तथा कार्यक्रम संचालन गर्न गाउँसभाबाट पारित गरियो ।

**<u>तपसिल</u>**

(क) जेउले गाड डोगडी मोटरेवल पूल,

(ख) सेलागाड सूर्मा मोटरेवल पूल,

(ग) दौलीगाड मोटरेवल पूल,

(घ) वडा साँगु जेउडेगाड मोटरेवल पूल,

(ङ) भैतीगाड सूर्मा ४ मोटरेवल पूल,

(च) रिठापाटा सूर्मा सडकको स्तरोन्नती,

(छ) काटै देखि छविस पाथिभेरा गा.पा. जोड्ने सडक,

(ज) सूर्मा देवी मन्दिर सूर्मा ४ र सूर्मा देवी मन्दिर पुनः निर्माण सूर्मा २ घोगाडा
(झ) सूर्मा सरोवर केवलकार (थकुन्नाडा-नाच्नी, जलजला हुँदै सूर्मा सरोवर ताल,
(ञ) पावर हाउस डोगडी देखि सूर्मा गा.पा. भरी विधुत प्रसारण लाईन विस्तार,
(ट) सैनगाउँ सिचाई योजना निमाण सूर्मा ५,
(ठ) बाख्रा विकास फर्म ,
(ड) झोलुंगे पुल विछाडा, खोचा, वारीमूल, गजौन, पावर हाउस, नाउली खोला ।
(ढ) भकारी मन्दिर निर्माण,
(ण) जेउडे गाड ल.ज.वि. , नदि नियन्त्रण तथा तटवन्धन,
(त) अना भ्याढुङ्गा सिचााई कुलो आयोजना,
(थ) चौड मल्लो उवा घट्ट वन घेरवार संरक्षण ,
(द) तर्सेनी नदि नियन्त्रण,
(ध) रूधीसैन सामुदायिक वन संरक्षण,
(न) सिद्धार्थ सामुदायिक वन घेरवार,
(प) भैतिगाड तटवन्धन
(फ) जनता आवास वडा नं. ३
(ब) सूर्मा सरोवर जाने बाटोमा सन्तली खानेपानी निर्माण,
(भ) सल्याडी सामुदायिक वन,
(म) सल्याडी बाजवुराउँस सामुदायिक वन वडा नं. २
(य) पावर हाउस ।

निर्णय नं. ८

प्रचलित कानुन वमोजिम उपभोक्ता समिति गठन भै लागत अनुमान, डिजाईन, ईस्टिमेट भई सम्पन्न भएका र अनुगमन समितिको प्रतिवेदन, वडा कार्यालयको शिफारिस भै आएका योजनाहरूको फरफारक गर्ने निर्णय गाउँसभाबाट पारित गरियो ।

निर्णय नं. ९

चाँलु तथा पूँजीगत खर्च शिर्षकहरूमा कुनैमा बढी र कुनैमा कमी भएको अवस्थामा आवश्यकता अनुसार गाउँपालिकाको निर्णयले गाउँसभाबाट पछि समर्थन गर्ने गरी खर्च गर्न पाउने निर्णय गरियो ।

निर्णय नं. १०

गाउँपालिकामा सञ्चालन हुने सम्पूर्ण योजनाहरूको प्राविधिक कर्मचारीहरूबाट लागत अनुमान तयार गरी कार्यन्वयनमा ल्याउने र आवश्यता अनुसार पूनःस्टेमेट पुनर्मूल्याङ्कन गरी मूल्याङ्कनका आधारमा भूक्तानी दिने भन्ने निर्णय पारित गरियो ।

निर्णय नं. ११

उपभोक्ता समिति, व्यक्ति, संघ संस्था  वा कार्यलयबाट निर्माण गरिने योजना कार्यक्रम संन्चालन गर्दा स्टमेट अनुसारको हार्डवेयर सामानहरू कोटेशनबाट खरिद गरी गाउँपालिकाबाट सम्बन्धित उपभोक्ता समिति, व्यक्ति, संघ संस्था वा कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२

गाउँपालिका भरी बाटोघाटो र सार्वजनिक  स्थल बन्द तथा अवरोध गरेमा नियमानुसार कडा कारवाहीं गर्न सम्बन्धित निकायमा पठाउने   निर्णय पारित गरियो ।

निर्णय नं. १३

चालु आ.व. २०७४/७५ मा ईमान्दार र लगनशिल भै निरन्तर खटिएका र आगामी आ.व. २०७५/७६ को वजेट निर्माणमा विशेष सहयोग पुर्‍याउने प्रमुख प्रशासकीय अधिकृत दिवाकर शर्मा, वडा सचिव दान बहादुर जेठारा, वडा सचिव विरवल बोहरा, कम्प्युटर अपरेटर हरिचन्द्र बोहरा र का.स.श्री बिस्न बहादुर लकण्डीलाई निजहरूले खाईपाई आएको एक महिना बराबरको तलव प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. १४

गाउँपालिकाबाट सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी  आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय अनुमोदन गरियो,

१. उपाध्यक्ष श्री समिता कुमारी बोहरा पुजारा ................................ संयोजक

२. वडा अध्यक्ष श्री पुस्कल बहादुर बोहरा ........................................ सदस्य

३. कार्यपालिका सदस्य श्री सिन्की देवी बोहरा......................................सदस्य

४. प्रमुख प्रशासकिय अधिकृत...........................................................सदस्य

५. ईन्जिनियर/सव इन्जिनियर एक जना ................................ सदस्य सचिव

निर्णय नं. १५

**“एक घर एक धारा”** को अवधारणाको गुरू योजना बनाई गाउँपालिका, नेपाल सरकार र प्रदेश सरकार तथा अन्य संघ संस्थाहरूको सहयोगमा आगामी आ.व. २०७५/७६ भित्र खानेपानी योजना सम्पन्न गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. १६

सूर्मा गाउँपालिकामा आ.व. २०७४/७५ मा उत्कृष्ट काम गर्ने कृषि संयोजक प्रा.स. श्री चक्र प्रसाद जोशीलाई स-सम्मान सहित दोसल्ला ओढाई प्रशसापत्र र प्रोत्साहन वाफत नगद रू. ५०००।- (अक्षेरूपी रू. पाँच हजार मात्र) उपलब्ध गराउने र फोटो गाउँपालिकाको कार्यालयमा राख्ने निर्णय पारित गरियो ।

निर्णय नं. १७

नेपाल जलविधुत प्राधिकरणबाट निर्माण भई बझाË जिल्ला साविक दौलीचौर गा.वि.स. वार्ड नं. ७ र हाल सूर्मा गा.पा. वार्ड नं. २ डोगडीमा सूर्मा देवी जलविधुत कम्पनीबाट संन्चालन हुदै आएको सूर्मा देवी साना जलविधुत आयोजना नेपाल जलविधुत प्राधिकरण र सूर्मा देवी जलविधुत कम्पनी बीच पटक पटक संचालन सम्झौताको म्याद थप्दै आएकोमा हाल सो सम्झौता म्याद समाप्त भै सकेको हुँदा ब्यवस्थित रूपमा संचालन र विधुत आपुर्ति नियमित गर्न यस सूर्मा गाउँपालिकालाई हस्तान्तरण गर्न नेपाल जलविधुत प्राधिकरण सँग माग गर्ने निणर्य पारित गरियो ।

निर्णय नं. १८

यस सूर्मा गाउँपालिकामा जाँड, रक्सी तथा जुवाँले गाउँपालिकाका बासिन्दालाई प्रत्यक्ष असर पारेकोले सम्पूर्ण गाउँपालिका क्षेत्र भित्र यसलाई पूर्ण रूपमा बन्द गर्ने भन्ने निर्णय पारित गरियो ।

निर्णय नं. १९

यस सूर्मा गाउँपालिका अन्तरर्गत संचालित सम्पूर्ण विद्यालयहरूको आय ब्यय पारदर्शि बनाउन आ.ले.प. र म.ले.प. गर्ने गराउने र सम्पूर्ण विद्यालयहरूको अभिलेख अनिवार्य रूपमा गा.पा. मा राख्ने निर्णय पीरत गरियो ।

निर्णय नं. २०

निजी श्रोतमा सञ्चालित विद्यालयका विषयगत शिक्षक शिक्षीकाहरूको तलव भत्तामा एकरूपता कायाम गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २१

गाउँपालिकामा सञ्चालन हुने जुनसुकै विकास निर्माणका कार्यहरूमा अपनत्वको भावना साथै व्यापक जनसहभागिता जुटाई प्रतिस्पर्धात्मक बनाउने र कम लगानीमा बढी प्रतिफल प्राप्त गर्न विशेष पहल गर्ने गराउने निर्णय पारित गरियो ।

निर्णय नं. २२

पदाधिकारी पारिश्रमिक रू. ६७६००० , सञ्चार शीर्षकमा रू. ३८३९६, कार्यालय सञ्चालन खर्च शीर्षकमा रू. ७६८९८६, अन्य सेवा शुल्कमा रू.३८२११६ र भ्रमण खर्च शीर्षकमा रू. १३७०० गरी जम्मा रू. १८७९१९७ अपुग हुने देखिएकाले कर्मचारी तलब शीर्षकमा बचत रकमबाट रकमान्तर गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २३

यस सूर्मा गाउँपालिकाको आ.व. ०७४।७५ को आन्तरिक लेखापरीक्षणको लागि कोष तथा लेखा नियन्त्रकको कार्यालय, बझाËलाई अनुरोध गर्ने निर्णय गरियो

# अनुसुची १

## आ. व. २०७५/०७६ को अनुमानित आय व्ययको विवरण (रू. हजारमा)

| शीर्षक | | आ.व. २०७३/७४ कोयथार्थ | आ.व. २०७४/७५ कोसंशोधित अनुमान | आ.व.२०७५/७६ को अनुमान |
|---|---|---|---|---|
| आयः | | | १७६६३१ | २१५३१० |
| क | राजस्वः | | | |
| | आन्तरिक राजस्व | | ९१० | २५०० |
| | राजस्व बाँडफाँडबाटप्राप्त रकम | | | ४५२२१ |
| | नेपाल सरकारबाट प्राप्त | | | ४४६११ |
| | प्रदेश सरकारबाट प्राप्त | | | ६१० |
| ख | वित्तीयसमानिकरण अनुदान | | ११७६९६ | ७०७५४ |
| | नेपाल सरकारबाटप्राप्त | | | ६४१०० |
| | प्रदेश सरकारबाटप्राप्त | | | ६६५४ |
| ग | समपुरक अनुदान | | | १५००० |
| | नेपाल सरकारबाट अपेक्षित | | | १०००० |
| | प्रदेश सरकारबाट अपेक्षित | | | ५००० |
| घ | विशेष अनुदान | | | १५००० |

| | | | | |
|---|---|---|---|---|
| | नेपाल सरकारबाट अपेक्षित | | | १०००० |
| | प्रदेश सरकारबाट अपेक्षित | | | ५००० |
| **ङ** | **अन्य सरकारी वित्तीय हस्तान्तरण** | | | **६६८००** |
| | शसर्त अनुदान | | ३७७५२ | ४५६०० |
| | सामजिक सुरक्षा खर्च | | १९१५३ | २०००० |
| | बहुक्षेत्रिय पोषण कार्यक्रम | | ११२० | १२३५ |
| | **जनसहभागिताः** | | | **०** |
| | नगद सहभागिता | | | ० |
| | श्रम तथा वस्तुगत सहायता | | | ० |
| **कुल आय** | | | **१७६६३१** | **२१५३१०** |
| **व्ययः** | | | | |
| | **चालु खर्च** | | **८७८२५** | **११४५५४** |
| | **पूँजिगत खर्च** | | **८८८०६** | **१००७५६** |

# अनुसुची २

**चालु खर्च** (रू. हजारमा)

| **उपभोग बजेट** | | | **आ.व. २०७४/७५** | **आ.व. २०७५/७६** |
|---|---|---|---|---|
| **क्र.स.** | **वजेट शिर्षक नं.** | **खर्च शिर्षक** | **रकम** | |
| १. | २११११ | कर्मचारी तलव | ५००० | ९८०० |
| २. | २११३१ | स्थानियभत्ता | १००० | ३०७१ |
| ३. | २११३२ | महगी भत्ता | १०० | ६७२ |
| ४. | २११३३ | फिल्ड भत्ता | ० | ० |
| ५. | २११३९ | अन्य भत्ता | २३०० | २३० |
| ६. | २१११२ | पदाधिकारी पारिश्रमिक | २६०० | ३३९६ |
| ७. | २११२१ | पोषाक भत्ता | ८० | २८० |
| ८. | २११३४ | कर्मचारीको बैठक भत्ता | ० | ९०० |
| ९. | २११४१ | पदाधिकारी बैठक भत्ता | ० | १४०० |
| १०. | २१२१४ | कर्मचारी कल्याण कोष | ० | ५०० |

| | | | | |
|---|---|---|---|---|
| **जम्मा** | | | **११०८०** | **२०२४९** |
| **कार्यालय सञ्चालन वजेट** | | | | |
| ११. | २२११२ | सञ्चार महशुल | ८०० | ८०० |
| १२. | २२१११ | पानी तथा विजुली | १५० | २०० |
| १३. | २२१२१ | घरभाडा | ९०० | १००० |
| १४. | २८१४३ | सवारी साधन तथा मेसेनरी | १००० | १५०० |
| १५. | २२२११ | ईन्धन पदाधिकारी | २७० | ३७० |
| १६. | २२२३१ | निर्माण सार्वजनिक सम्पतिको मर्मत सम्भार | ८०० | २८०० |
| १७. | २२२१३ | सवारी साधन मर्मत खर्च | ० | २०० |
| १८. | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | १८०० | २५०० |
| १९. | २२२१२ | इन्धन कार्यलय प्रयोजन | २०० | २०० |
| २०. | २२२२१ | मेसेनरी तथाऔजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४०० | ५०० |
| २१. | २२४११ | सेवा र परामर्श खर्च | १०० | १५० |
| २२. | २२४१३ | करार सेवा शुल्क | ० | १८०० |
| २३. | २२७११ | विविध | २००० | २००० |
| २४. | २२४१९ | अन्य सेवा शुल्क | ५०० | ५०० |
| २५ | २२३१४ | ईन्धन अन्य प्रयोजन | १०० | २०० |
| २६. | २२३१५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च | ० | ३५० |
| २७. | २२३१९ | अन्य कार्यलय सञ्चालन खर्च | ० | १५० |
| २८. | २२७२१ | सभा सञ्चालन खर्च | ० | १००० |
| २९. | २७२१३ | औषधि खरिद खर्च | ४०० | ६०० |
| **जम्मा** | | | **९४२०** | **१६८२०** |
| **कार्याक्रम वजेट** | | | | |
| ३०. | २२५११ | कर्मचारी तालिम | ६०० | ५०० |
| ३१. | २२६११ | अनुगमन तथा मूल्याङ्न खर्च | १५०० | २००० |
| ३२. | २२५२२ | कार्यक्रम खर्च | ८०० | ११०० |
| ३३. | २११४२ | पदाधिकारी अन्य सुविधा | १४०० | १६०० |

| | | | | |
|---|---|---|---|---|
| ३४. | २२६१२ | भ्रमण खर्च | १०० | २०० |
| ३५. | २८९११ | भैपरी आउने चालू खर्च | ० | ३५०० |
| ३६. | २७२१२ | उद्धार, राहत तथा पूर्नस्थापना | ० | १००० |
| ३७. | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ० | ४०० |
| ३८. | २२४१२ | सुचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ० | ३५० |
| **जम्मा** | | | **३०५०** | **१०६५०** |
| **कुल जम्मा रकम** | | | **२३५५०** | **४७७१९** |
| **३८.** | **२७१११** | **सामाजिक सुरक्षा खर्च** | **१९५००** | **२००००** |

# अनुसुची ३

**ख) पूँजिगत खर्च** (रू. हजारमा)

| **उपभोग बजेट** | | | **आ.व. २०७५/७६** |
|---|---|---|---|
| **क.स.** | **वजेट शिर्षक नं.** | **खर्च शिर्षक** | **रकम** |
| १. | ३१११५ | फर्निचर तथा फिक्चर्स | ५०० |
| २. | ३१११२ | भवन निर्माण (दौलीचौर स्वा.चौ.निर्माण) | १२५६ |
| ३. | ३११२१ | सवारी साधन | ६०० |
| ४. | ३११२२ | मेसेनरी तथा औजार | १००० |
| ५. | ३११५१ | सडक तथा पुल | २६९०० |
| ६. | ३११५१ | विधुत संरचना निर्माण | ६००० |

| | | | |
|---|---|---|---|
| ७. | ३११५४ | तटवन्धन तथा बाँध निर्माण | १५०० |
| ८. | ३११५६ | खानेपानी संरचना निर्माण | १०००० |
| ९. | ३११५९ | अन्य सार्वजनिक निर्माण (विद्यालय निर्माण तथा मर्मत सुधार) | १०७०० |
| १०. | ३११७२ | पूँजिगत अनुसन्धान तथा परामर्श | ५०० |
| ११. | ३१५११ | भैपरी आउने पुँजिगत खर्च | २००० |
| १२. | ३११३१ | पशुधन तथा वागबानी विकास खर्च | २५०० |
| १३. | | समपुरक कोष ९:बअजष्लन ँगलम० | ५००० |
| १४. | | शिक्षा | १००० |
| १५. | | स्वास्थ्य | ८०० |
| १६. | | बहुक्षेत्रीय पोषण | ५०० |
| १७. | | समपुरक अनुदान र विशेष अनुदान | ३०००० |
| **जम्मा पुँजीगत रकम** | | | **१००७५६** |

# अनुसुची ४

## आ.व. २०७५।०७६ को लागि गाउँसभाबाट पारित योजना तथा कार्यक्रमहरू

## क. सडक तथा पुल निर्माण

| क.स. | योजना तथा कार्यक्रम | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|
| १. | काउली खोला सडक निर्माण | ३०,५०,०००। | |
| २. | काटै पारा गोतन्न हुँदै जयपृथ्वी नगर जोड्ने शाखा सडक | ३८,५०,०००। | |
| ३. | दौलीचौर पुदाली शाखा सडक खण्ड | २९,१०,०००। | |

| | | | |
|---|---|---|---|
| ४. | सैनगाउँ शाखा सडक निर्माण | ३७,८०,०००। | |
| ५. | धनिधारा हुँदै नाना कुण्ड शाखा सडक निर्माण | ३०,००,०००। | |
| ६. | रैथली गाड पुल निर्माण | २५,००,०००। | |
| ७. | विभिन्न सडक मर्मत | ३०,००,०००। | |
| ८. | अन्य सडक निर्माण | ४८,१०,०००। | |
| क. | पारा- गोतन्न सडक | | |
| ख. | डाँगे - हलेली सडक | | |
| ग. | पारीवन - नाउली सडक | | |
| घ. | गाउँ -लोटनी सडक | | |
| ङ. | सल्ला - दौवा सडक | | |
| च. | दौलीचौर - सैनगाउँ सडक | | |
| छ. | भ्याढुङगा - ठूलाचौर - सूर्मा मन्दिर सडक | | |
| ज. | गतार - मानाभेरा सडक | | |
| झ. | पुदाली - दय सडक | | |
| ञ. | भुरा - विछाडीगाड सडक | | |
| ट. | काउलीखोला - आधावगर मा.वि. सडक | | |
| ठ. | पारीअना - बल्लेछडा सडक | | |
| **जम्मा रकम** | | **२,६९,००,०००।** | |

## ख. अन्य सार्वजनिक निर्माण (विद्यालय भवन निर्माण तथा मर्मत सुधार)

| **क.स.** | **योजना तथा कार्यक्रम** | **ठेगाना** | **स्वीकृत रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १. | दौलीचौर मा.वि दौलीचौर | सूर्मा गा.पा. १ | २५,००,०००। | |
| २. | सूर्मा प्रा.वि.विछाडा | ,, ,, १ | २,००,०००। | |
| ३. | नाउला प्रा.वि. नाउला | ,, ,, १ | ६,००,०००। | |
| ४. | आधावगर मा.वि. डोगडी | सूर्मा गा.पा. २ | २५,००,०००। | |
| ५. | ईश्वर नि.मा.वि. भजनपाटा | ,, ,, २ | ३,००,०००। | |
| ६. | आधारभुत प्रा.वि. गजौन | ,, ,, २ | ३,००,०००। | |
| ७. | दलित प्रा. वि. गुरेना | ,, ,, २ | ३,००,०००। | |
| ८. | नन्दा देवी प्रा.वि. धनिधारा | ,, ,, २ | ३,००,०००। | |
| ९. | कृष्ण प्रा.वि. काटै | सूर्मा गा.पा. ३ | २,००,०००। | |

| | | | | |
|---|---|---|---|---|
| १०. | विष्णु प्रा.वि. सुन्दरडाँडा | ,, ,, ३ | ५,००,०००। | |
| ११. | शिव प्रा.वि. गोतन्न | ,, ,, ३ | ५,००,०००। | |
| १२. | पारा वालविकास पारा | ,, ,, ३ | २,००,०००। | |
| १३. | कृष्ण जनज्योती प्रा.वि. गालापाटी | ,, ,, ३ | २,००,०००। | |
| १४. | सूर्मा उ.मा.वि. सूर्मा | सूर्मा गा.पा. ४ | १०,००,०००। | |
| १५. | नमूना प्रा.वि. पिपलडाँडा | ,, ,, ४ | १४,००,०००। | |
| १६. | चाँदेशिखर प्रा.वि. भेलात | ,, ,, ४ | २,००,०००। | |
| १७. | हिमालय प्रा.वि. खौला | ,, ,, ४ | २,००,०००। | |
| १८. | धल्देउ नि.मा.वि. सैनगाउँ | सूर्मा गा.पा. ५ | १५,००,०००। | |
| १९. | सूर्मा सरोवर प्रा.वि. काँडा | ,, ,, ५ | २,००,०००। | |
| २०. | शिवशक्ति वालविकास प्रा.वि. सेरी | ,, ,, ५ | १,००,०००। | |
| **जम्मा** | | | **१,३२,००,०००।** | |

## ग. खानेपानी संरचना निर्माण तथा मर्मत सुधार

१. दौलीमोर्खा खा.पा. वडा नं. ४
२. बानकाडा खा.पा. वडा नं. १
३. दमाइटोल कालीमाटी खा.पा. वडा नं. ३
४. चौड खा.पा. वडा नं. १
५. झुसुकोरेला खा.पा. वडा नं. ३
६. टुडा खा.पा. वडा नं. १
७. तोलीगाउँ खा.पा. वडा नं. ३
८. गोतन्न खा.पा. वडा नं. ३
९. दय खा.पा. वडा नं. १
१०. चौडिक डाँडामाणु खा.पा. वडा नं. ३
११. नाउला खा.पा. वडा नं. १
१२. परिकाट्टे खा.पा. वडा नं. १
१३. चुच्चु खा.पा. वडा नं. ४
१४. सुपा खा.पा. वडा नं. ४
१५. दवा भृकोट खा.पा. वडा नं. ४
१६. डाँगे खा.पा. वडा नं. ५
१७. डेवन्न खा.पा. वडा नं. ४
१८. सल्ला खा.पा. वडा नं. ४
१९. जडा खा.पा. वडा नं. ४
२०. नघर खा.पा. वडा नं. २

२१. सिमस्याईल खा.पा. वडा नं. २
२२. तल्लो विसौन खा.पा. वडा नं. २
२३. गजौन खा.पा. वडा नं. २
२४. खारपाताल खा.पा. वडा नं. २
२५. ठूलाचौर खा.पा. वडा नं. २
२६. मुछाना पोखरगडा खा.पा. वडा नं. २
२७. दिपचौर खा.पा. वडा नं. २
२८. पातल खा.पा. जाक वडा नं. ४
२९. गल्था भेरा ढाँडपानी वडा नं. ५
३०. सल्ला खा.पा. वडा नं. ४
३१. काडा देउली खा.पा. वडा नं. ५

*खानेपानी योजना निर्माण तथा मर्मत सुधार अन्तरगत गाउँसभाबाट पारित योजनाहरुमा विनियोजित रकम रू. १ करोड बाट कार्यपालिकाले आबश्यकताअनुसार टेन्डर, कोटेशन तथा प्रत्यक्ष खरिद विधिबाट सामानहरू खरिद गरी काम गर्न / गराउन सक्ने निर्णय गरियो ।*

## अनुसुची ५

**शसर्त अनुदान ( पशु तथा भेटेनेनरी, कृषि, शिक्षा, स्वास्थ्य) तर्फको आ.व. २०७५/७६ मा सञ्चालन हुने कार्यक्रमहरू :**

| सि. नं. | कार्यक्रमहरू | रकम रु हजारमा | प्राप्त स्रोत |
|---|---|---|---|
| १. | नीतिगत, प्रशासनिक तथा व्यवस्थापन खर्च | २५० | नेपाल सरकार |
| २. | सूधारिएको चुलो वायोमास) प्रविधि जडान | १०० | नेपाल सरकार |
| ३. | सौर्य उर्जा प्रविधि जडान | ४७३ | नेपाल सरकार |
| ४. | बायोग्याँस जडान | ४२ | नेपाल सरकार |
| ५. | स्थानीय तहमा रहने कृषि प्राविधिकको तलव तथा पोषाक | ३०४ | नेपाल सरकार |
| ६. | एक गाउँ एक पशू प्राविधिकको तलव भत्ता | ३०४ | नेपाल सरकार |
| ७. | कृषक पाठशाला संचालन (पशु,कृषि) सम्बन्धी | २०० | नेपाल सरकार |
| ८. | माटो परिक्षण शिवीर | ४० | नेपाल सरकार |
| ९. | साना सिंचाई निर्माण/मर्मत संभार/प्लाष्टिक पोखरी निर्माण/हीउ पोखरी | ५४० | नेपाल सरकार |
| १०. | डिजिज सर्भिलेन्स तथा रिपोर्टिङ, इपिडेमियोलोजिकल रिपोर्टिङ, आउटब्रेक इन्भेस्टिगेसन | ८० | नेपाल सरकार |
| ११. | नश्ल सुधारका लागि प्राकृतिक गर्भाधान कार्यक्रम (गाइ,भैसी,भेडा, बाख्रा,वंगुर) | २७ | नेपाल सरकार |
| १२. | सरसफाई सम्बन्धी निर्माण कार्यहरू | १३६ | नेपाल सरकार |
| १३. | सामुदायिक वनमा पर्यापर्यटन,उद्यम प्रवर्धन | २०० | नेपाल सरकार |
| १४. | सबै स्थानीय तहमा समुदायमा आधारित पुन स्थापना कायक्रम ( सि.वि.आर निर्देशिका अनुसार) | ६६ | नेपाल सरकार |
| १५. | ज्येष्ठ नागरिक सक्बन्धी सरोकारवाला विच अन्तरक्रिया | ३५ | नेपाल सरकार |
| १६. | ज्येष्ठ नागरिक सक्बन्धी दिवसीय कार्यक्रम (अल्जाइमर्श चेतना दिवस, ज्येष्ठ नागरिक प्रति हुने दुव्यवहार विरूद्धको दिवस, अन्तर्राष्टिय ज्येष्ठ नागरिक दिवस) | २९ | नेपाल सरकार |
| १७. | बालक्लव गठन, संचालन तथा नियमन | २० | नेपाल सरकार |
| १८. | बालबालिका माथि हुने शारीरिक, मानसिक दण्ड सजाय तथा यौनजन्य दुर्व्यवहार न्यूनिकरण | ३३ | नेपाल सरकार |
| १९. | रा.प.अन.द्धि.वि.तलव | ३८१ | नेपाल सरकार |
| २०. | स्थानीय भत्ता (रा.प.अन.द्धि) | ७४ | नेपाल सरकार |
| २१. | महगी भत्ता | १२ | नेपाल सरकार |

| | | | |
|---|---|---|---|
| २२. | लैगिंक हिंसा निवारणमा न्यायिक समितिको क्षमता विकास तालिम | ५० | नेपाल सरकार |
| २३. | नेतृत्व तथा संस्थागत विकास तालिम | ५२ | नेपाल सरकार |
| २४. | समूह गठन तथा परिचालन | ५ | नेपाल सरकार |
| २५. | समूह सदस्यको अनुशिक्षण | ३१ | नेपाल सरकार |
| २६. | अन्तराष्टिय महिला दिवस | २० | नेपाल सरकार |
| २७. | राष्टपति रनिंग सिल्ड प्रतियोगिता | १०० | नेपाल सरकार |
| २८. | शिक्षकको जगेडा तलव | २१९ | नेपाल सरकार |
| २९. | अधारभूत तथा माद्यामिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत कोटा अनुदान शिक्षक एवम् प्राविधिक धारका प्रशिक्षक तथा सहायक प्रशिक्षकका लागि तलव भत्ता अनुदान | २४०३८ | नेपाल सरकार |
